अनुसुचि १५

दफा ३३ को उपदफा २ सँग सम्वन्धित

# डिभिजन वन कार्यालय गोरखा

गण्डकी प्रदेश,नेपाल

वन पैदावर (काठ/दाउरा) लिलाम बिक्रि सम्वन्धि सुचना

*प्रथम पटक प्रकाशित मिति: २०८१/१/४ (दरौदी राष्ट्रिय दैनिक)*

२०८१/०१/०४

मदन मोहन शाण्डिल्य

डिभिजनल वन अधिकृत

वन पैदावर संकलन तथा विक्रि वितरण निर्देशिका २०७३ को परिच्छेद १० दफा २८ (ग)(ट) अनुसार विभिन्न आ.व. हरुमा संकलन भई यस कार्यालय अन्तर्गत निम्नानुसार घाटगद्धी रहेका काठ/दाउरा जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकासित गरिएको छ । ईच्छुक संघ, संस्था, फर्म वा कम्पनीले यो सुचना दरौदी रा. दैनिक पत्रिकामा प्रथम पटक प्रकाशिस भएको मितिले १५ दिन भित्र प्रचलित ऐन बमोजिम आवश्यक पर्ने कागजातहरु संलग्न राखि ५०,०००।- भन्दा कम न्युनतम मुल्याङ्कन भएको वन पैदावरको हकमा डाँक बढाबढबाट र ५०,०००।- भन्दा बढि न्यूनतम मुल्याङ्कन भएको वन पैदावरको हकमा सिलवन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ ।

१. वन पैदावरको विवरण:-

| लट नं. | जात | ग्रेड | थान | परिमाण क्यु.फि./चट्टा | न्युनतम मुल्य रु | संकलन खर्च रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०८०/८१-१ | साल | सि | ४७ | १०२.४७ | ५१२२५.० | ७०००.० | प्रतिववादी केशर वहादुर बोगटी समेत भएको मुद्धाको क्रममा गोरखा वरामद भई गोरखकालि सब डिभिजन वन कार्यालयको कम्पाउण्डमा घाटगद्धी भएको साल गोलिया काठ । |
| २०८०/८१-२ | पिपल | चिरान काठ | १३ | २६.०४ | ३६५०.० | १००००.० | शहिद लखन गा.पा. वडा नं ७ बाट बरामद भई वेवारिसे कायम भएको पिपल जातको चिरान काठ । |
| २०८०/८१-३ | पिपल तथा समि जातको काठ मिश्रित दाउरा र काठ | - | ७ | २०.७८<br>२.५ चट्टा | १२०७८.० | ७७५००.० | वन नियमावली २०७९ को नियम ३६ बमोजिम गोरखा नगरपालिका वडा नं ६ र ८ बाट आ.व. २०८०/८१ मा संकलन भई गोरखा नगरपालिकाको कम्पाउन्डमा घाटगद्धि भएको । |
| २०८०/८१-४ | पिपल तथा समि जातको मिश्रित दाउरा | अन्य दाउरा | - | १.० | ४०००.० | ११०००.० | वन नियमावली २०७९ को नियम ३६ बमोजिम गोरखा नगरपालिका वडा नं २ बाट आ.व. २०७९/८० मा संकलन भई शहिद लखन गा.पा. वडा नं. ९ मा घाटगद्धि भएको । |

२. वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय:

क) मिति २०८१।०१।१८ गते । ख) समय : दिउसो ५:०० बजे भित्र ।

३. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

क) मिति २०८०।०१।१९ गते । ख) समय : दिउसो १२:०० वजेभित्र ।

४. वोलपत्र साथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम डिभिजन वन कार्यालय (कार्यालय कोड नं. ३०७०२३६०१४) को धरौटी खाता ***राष्ट्रिय वाणिज्य बैंक खाता नं. ३०६०१००२०२०३०००० मा*** जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

५. वोलपत्र फाराम ३००/- का दरले पछि फिर्ता नहुने गरि तिरी यस कार्यालयबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

६. लिलाम बढावढ हुने वन पैदावार माथी उल्लेखित स्थानमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

CS Scanned with CamScanner

अनुसुचि १५

दफा ३३ को उपदफा २ सँग सम्बन्धित

# डिभिजन वन कार्यालय गोरखा

गण्डकी प्रदेश, नेपाल

वन पैदावार (काठ/दाउरा) लिलाम बिक्रि सम्बन्धि सुचना

मदन मोहन शाण्डिल्य
डिभिजनल वन अधिकृत

७. प्रत्येक लटको अलग अलग बोलपत्र दाखिला गर्नुपर्ने छ ।

८. सिलबन्दि बोलपत्रमा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता/चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ । डाँक बढावढबाट लिलाम विक्रिमा भाग लिन व्यक्तिले आफ्नो नागरिकता

९. डाँक बढाबढ हुने लटहरुको डाँक बढाबढ २०८१/१/१९ गते दिउँसो १२:०० बजे डिभिजन वन कार्यालय, गोरखामा हुनेछ ।

१०. निर्धारित न्यूनतम संख्याका र रित पूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८१।०१।१९ गते दिउसो २:०० बजे साक्षिहरुको रोहवरमा खोलिने छ ।

११. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर, संकलन खर्च लगायतका आवश्यक कर रकमहरु छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

१२. वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१३. वैंक जमानत धरौटीका रुपमा पेश गरेमा कम्तीमा छ महिनाको हुनुपर्नेछ ।

१४. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

Scanned with CamScanner